bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY




वर्ष ४० अंक ४१ | २०७८ जेठ १७ गते सोमबार, नेपाल सम्वत् ११४१ May 31, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**दमौलीमा सघन उपचार कक्ष शुरू :** तनहुँको सदरमुकाम स्थित दमौली अस्पतालको कोभिड-१९ उपचार केन्द्रमा उपचाररत कोरोना भाइरस संक्रमितहरू । अस्पतालले कोभिड-१९ का गम्भिर प्रकृतिका संक्रमितलाई सघन उपचार कक्ष (आइसियु) समेत सञ्चालनमा ल्याएको छ ।

*तस्विर : भञ्ज्याङ*

# वैकल्पिक विधिबाट एसइई सञ्चालन गर्न सुझाव

**भञ्ज्याङ समाचारदाता**/दमौली

गत वर्षको कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसइई) लाई वैकल्पिक माध्यमबाट सञ्चालन गर्न राष्ट्रिय परीक्षा बोर्डले सरकारको अनुमति मागेको छ । बोर्डले सोसम्बन्धी प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई बुझाएको छ । यही जेठ १३ गतेदेखि एसईई र जेठ २६ गतेदेखि कक्षा १२ को परीक्षा सञ्चालन गर्ने गरी तयारी गरेको बोर्डले कोरोना भाइरसको महामारी पुनः फैलिएसँगै अर्को सूचना जारी नभएसम्मका लागि वैशाख २७ गते सूचना जारी गरी परीक्षा स्थगन गरेको थियो ।

बोर्डका अध्यक्ष डा चन्द्रमणि पौडेलले अहिलेको अवस्थामा भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्न नसकिने भएकाले वैकल्पिक विधिबाट सञ्चालन गर्न मन्त्रालयसँग अनुमति माग गरेको जानकारी दिनुभयो । गतवर्ष पनि अहिलेको जस्तै अवस्था आएपछि सम्बन्धित विद्यालय आफैले आन्तरिक मूल्याङ्कन गरी पठाएको अंकका आधारमा बोर्डले नतिजा प्रमाणीकरण र सार्वजनिक गरेको थियो । सरोकारवालाले भने यस वर्ष पनि आन्तरिक मूल्याङ्कन गराउन सुझाव दिएका छन् ।

एसईई दिने परीक्षार्थी सबैको इन्टरनेट, ल्यापटप र कम्प्युटर नहुने भएको र मोबाइलबाट कक्षा लिए जस्तै परीक्षा दिन नसकिने भन्दै आन्तरिक मूल्याङ्कन विधि नै उपयुक्त भएको जोड दिइएको छ । देशभरीबाट पाँच लाख १७ हजार विद्यार्थी गत वर्षको एसईईको तयारीमा छन् ।

# प्रतिनिधिसभा विघटनविरूद्धका रिट : सैद्धान्तिक सुनुवाइ नै शुरू भएन

**कालिका खड्का**/काठमाडौं

सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनविरूद्धका रिट निवेदनमाथि सैद्धान्तिक सुनुवाइ नै शुरू नभई इजलास गठनकै विषयमा विवाद उत्पन्न भएको छ। उक्त विवादको सुनुवाइ 'हेर्दादेहै' मा मंगलबारका लागि तोकिएको छ । प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा, न्यायाधीशहरु दीपककुमार कार्की, डा आनन्दमोहन भट्टराई, तेजबहादुर केसी र बमकुमार श्रेष्ठको संवैधानिक इजलास गठनकै विषयमा प्रश्न उठाइएपछि सैद्धान्तिक छलफलमा प्रवेश हुन पाएको छैन । प्रधानन्यायाधीश राणाको नेतृत्वमा संवैधानिक इजलास गठन गरी प्रतिनिधिसभा विघटनविरूद्धका रिट निवेदनमा सुनुवाइ शुरू भएको थियो । रिट निवेदक पक्षका कानून व्यवसायीले इजलास गठनकै विषयलाई लिएर प्रश्न उठाएपछि विषयवस्तुमा अझै प्रवेश हुन सकेको छैन ।

उक्त विवादको सुनुवाइको दोस्रो दिन आज रिट निवेदन पक्षका कानून व्यवसायीले इजलासमा रहेका न्यायाधीश केसी र श्रेष्ठ इजलासबाट अलग हुनुपर्ने माग गर्नुभएको थियो । आइतबार सरकारी पक्षबाट महान्यायाधिवक्ता रमेश बडाल, नायब महान्यायाधिवक्ता पदम पाण्डे र सहन्यायाधिवक्ता सञ्जीवराज रेग्मीले बहस गर्नुभयो । तीन जना र रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ताहरु कृष्णप्रसाद भण्डारी, शम्भु थापा, महावीर यादव, हरिहर दाहाल, मुक्ति प्रधान, रमण श्रेष्ठ र अधिवक्ताहरु गोविन्द शर्मा (बन्दी) र टीकाराम भट्टराईले बहस गर्नुभयो।

इजलासका गठनको विषयलाई लिएर भएको विवादमा न्यायाधीश केसीले अघिल्लो पटकको विघटन मुद्दाको सुनुवाइमा पनि सहभागी भएको र श्रेष्ठले नेकपा एकताविरूद्धको मुद्धामा गरेको फैसला विवादित भएकाले उहाँहरू इजलासमा बस्न नमिल्ने रिट निवेदकका कानून व्यवसायीको तर्क छ । प्रतिनिधिसभाका दल र सदस्यहरूले संविधानको धारा ७६ (५) बमोजिम नयाँ सरकार गठन हुन नसकेपछि यही जेठ ८ गते भएको प्रतिनिधिसभा विघटन भएको थियो । उक्त विघटनका पक्ष र विपक्षका ३० वटा रिट निवेदन परेका छन् । प्रतिनिधिसभाका निवर्तमान १४६ जना सदस्य सहितका २६ रिट निवेदन संसद् पुनःस्थापन गर्नुपर्ने पक्षमा छन् । प्रतिनिधिसभामा आफ्नो बहुमतको आधार पेश गर्नुभएका प्रधानमन्त्री केपी शर्मा ओलीलाई नै पुनः नियुक्ति गर्नुपर्ने माग गर्दै अधिवक्ता धनजीत बस्नेत, कृष्ण भण्डारी, राजाराम घिमिरेलगायतले छुटाछुटै

बाँकी अन्तिम पेजमा

# कोरोना संक्रमण र मृत्युदर घट्दै

**भञ्ज्याङ समाचारदाता**/दमौली

पछिल्लो समय नेपालमा कोरोना भाइरसबाट संक्रमित हुनेको सत्त्या र मृत्युदर घट्दै गएको छ । पाँच दिनअघि संक्रमितको संख्या छ हजार ७४१ रहेकामा आज सो संख्या घटेर चार हजार ३६९ रहेको छ। यस्तै पाँच दिनअघि कोरोनाबाट ज्यान गुमाउनेको संख्या १४५ रहेकामा आइतबार सो संख्या घटेर १०९ पुगेको छ । यही जेठ १ गते कोरोना संक्रमितको संख्या आठ हजार १६७ रहेको थियो भने कोरोनाबाट ज्यान गुमाउनेको संख्या १८७ थियो । जेठ ३ गते नेपालमा हालसम्मकै बढी नौ हजार २४७ जना कोरोनाबाट संक्रमित भएका थिए । सो दिन कोरोनाबाट ज्यान गुमाउनेको संख्या भने २१४ रहेको थियो । जेठ ५ गते कोरोनाबाट नेपालमा कोरोनाबाट हालसम्मकै बढी २४६ जनाको मृत्यु भएको थियो । त्यसयता मृत्युदर भने लगातार घट्दै गएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ ।

मन्त्रालयका अनुसार पछिल्लो समय १० हजार ९८६ जनाको पिसिआर परीक्षण तथा एक हजार ७८४ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो । पिसिआर विधिबाट तीन हजार ७०२ तथा एन्टिजेनबाट ६६७ जनामा संक्रमण पुष्टि भएको हो। यो सँगै कोरोना संक्रमितको संख्या नेपालमा पाँच लाख ५३ हजार ४२२ पुगेको छ । हाल ७६३ संक्रमित क्वारेन्टिनमा रहेको मन्त्रालयले जनाएको छ । हालसम्म चार लाख ४० हजार ९५५ जना कोरोना भाइरसबाट मुक्त भई घर

बाँकी अन्तिम पेजमा

# तनहुँका स्थानीय तहले केन्द्रीय सरकारबाट ४ अरब ६ करोड ४६ लाख बजेट

सरकारले आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि १६ खर्ब ४७ अर्ब ५७ करोडको बजेट ल्याएको छ । अर्थमन्त्री विष्णु पौडेलले शनिबार सार्वजनिक गरेको नयाँ बजेटमा ७ प्रदेशमा १ खर्ब ३ अर्ब ७० करोड र ७५३ स्थानीय तहमा २ खर्ब ८३ अर्ब १ करोड हस्तान्तरण गरिएको छ । वित्तीय सामान्यीकरणमा १ अरब १९ करोड ५० लाख रूपैयाँ, सशर्त अनुदानमा २ अरब ६७ करोड, विशेष अनुदानमा ११ करोड ९ लाख, सम्पुरक अनुदानमा ८ करोड ८७ लाख गरी चालु तर्फ ३ अरब ६४ करोड १० लाख र पूँजीगत तर्फ ४२ करोड ३६ लाख गरी ४ अरब ६ करोड ४६ लाख रूपैया बजेट पाएका छन् ।

रू. लाख

| शीर्षक | समानीकरण अनुदान (२६३३१) | | | | सशर्त अनुदान | | | विशेष अनुदान | | | सम्पुरक अनुदान (पुँजीगत) (२६३३४) | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | न्युनतम अनुदान | सुत्रमा आधारित अनुदान | कार्यसम्पादनमा आधारित अनुदान | जम्मा | चालु (२६३३२) | पुँजीगत (२६३३६) | जम्मा | चालु (२६३३३) | पुँजीगत (२६३३७) | जम्मा | | चालु | पुँजीगत | कुल जम्मा |
| तनहुँ | ३२.०० | ८२.५८ | ४.९२ | ११९.५० | २४२.१० | २४.९० | २६७.०० | २.५० | ८.५९ | ११.०९ | ८.८७ | ३६४.१० | ४२.३६ | ४०६.४६ |
| नगरपालिका | १४.५० | ४५.५१ | २.०१ | ६२.०२ | १४०.८४ | १७.६५ | १५८.४९ | २.५० | १.३७ | ३.८७ | ० | २०५.३६ | १९.०२ | २२४.३८ |
| ८०१०४११०३ भानु नगरपालिका | ३.५० | १०.७९ | ५४ | १४.८३ | ३६.२९ | १.०७ | ३७.३६ | २.०८ | ० | २.०८ | ० | ५३.२० | १.०७ | ५४.२७ |
| ८०१०४१११३ भिमाद नगरपालिका | ३.२५ | ८.२२ | ४९ | ११.९६ | २४.२४ | २.२९ | २६.५३ | ४२ | ० | ४२ | ० | ३६.६२ | २.२९ | ३८.९१ |
| ८०१०४११२३ व्यास नगरपालिका | ४.२५ | १५.०२ | ४९ | १९.७६ | ४९.०९ | ७.०८ | ५६.१७ | ० | १.३७ | १.३७ | ० | ६८.८५ | ८.४५ | ७७.३० |
| ८०१०४११३३ शुक्लागण्डकी नगरपालिका | ३.५० | ११.४८ | ४९ | १५.४७ | ३१.२२ | ७.२१ | ३८.४३ | ० | ० | ० | ० | ४६.६९ | ७.२१ | ५३.९० |
| गाउँपालिका | १७.५० | ३७.०७ | २.९१ | ५७.४८ | १०१.२६ | ७.२५ | १०८.५१ | ० | ७.२२ | ७.२२ | ८.८७ | १५८.७४ | २३.३४ | १८२.०८ |
| ८०१०४३११३ आँबुखैरेनी गाउँपालिका | ३.०० | ६.३९ | ४९ | ९.८८ | १४.८८ | १.५९ | १६.४७ | ० | ० | ० | १.५० | २४.७६ | ३.०९ | २७.८५ |
| ८०१०४३१२३ ऋषिङ्ग गाउँपालिका | ३.०० | ७.०२ | ५५ | १०.५७ | २०.६८ | १.१९ | २१.८७ | ० | ० | ० | ० | ३१.२५ | १.१९ | ३२.४४ |
| ८०१०४३१३३ घिरिङ गाउँपालिका | २.७५ | ५.७६ | ४९ | ९.०० | १४.२९ | ४२ | १४.७१ | ० | ० | ० | १.२५ | २४.२९ | १.६७ | २५.९६ |
| ८०१०४३१४३ देवघाट गाउँपालिका | २.७५ | ५.१५ | ५५ | ८.४५ | १९.०७ | ८८ | १९.९५ | ० | २.४९ | २.४९ | १.९८ | २७.५२ | ५.३५ | ३२.८७ |
| ८०१०४३१५३ म्याग्दे गाउँपालिका | ३.०० | ६.६८ | ४८ | १०.१६ | १४.९० | ८६ | १५.७६ | ० | २.२४ | २.२४ | ४.१४ | २५.०६ | ७.२४ | ३२.३० |
| ८०१०४३१६३ बन्दिपुर गाउँपालिका | ३.०० | ६.०७ | ३५ | ९.४२ | १६.४४ | २.३१ | १८.७५ | ० | २.४९ | २.४९ | ० | २५.८६ | ४.८० | ३०.६६ |

www.bhanjyangnews.com

## सम्पादकीय...........

# लापरवाही नगरौं सचेत बनौं

तनहुँमा वैशाख महिना यता १६९० जनामा संक्रमण पुष्टि भएको छ । संक्रमित मध्ये ४६० जना निको भएका छन भने ४४ जनाको मृत्यु भएको छ । संक्रमित मध्ये अहिले ५९ जना संस्थागत आइसोलेशनमा र २ जना आइसियुमा उपचाररत छन भने ११३० जना होम आइसोलेशनमा बस्दै आएका छन् । संक्रमितको तुलनामा थोरै संख्यामा मात्र बिरामी अस्पतालमा छन् । अस्पतालमा भर्ना भएका अधिकांश बिरामीको अवस्था जटिल रहेको चिकित्सकले बताएका छन् । पछिल्लो समय हरेक दिनहुँजसो संक्रमितले ज्यान गुमाईरहेका छन् । चिकित्सकका अनुसार होम आइसोलेसनमा रहेका बिरामीले पनि ज्यान गुमाएका छन् । त्यस्तै संक्रमित भएपछि पनि लामो समय होम आइसोलेसनमा बस्ने र अन्तिम अवस्थामा मात्र अस्पताल पुग्दा ज्यान जानेको संख्या बढिरहेको छ । होम आइसोलेसनमा बस्दा स्वास्थ्य बिग्रेको पत्तो नपाउने र अन्तिम अवस्थामा अस्पताल पुग्दा ज्यान जाने जोखिम बढेको चिकित्सक बताउँछन् । चिकित्सकका अनुसार अहिले ज्यान गुमाउने अधिकांश बिरामी अन्तिम समयमा अस्पताल आउनेहरू रहेका छन् । बेलैमा अस्पताल आउने हो भने बचाउन सक्ने अवस्था रहेपनि संक्रमण पुष्टि भएपछि अधिकांश संक्रमित होम आइसोलेसनमा बस्ने गरेका छन् । होम आइसोलेसनमा बस्दा उनीहरूलाई शारीरिक अप्ठेरोबारे पत्तो नहुने र अन्तिम अवस्थामा च्यापेपछि हतारहतार अस्पताल पुग्दा अवस्था नाजुक अवस्था हुने गरेको चिकित्सकहरूले बताउँदै आएका छन् । संक्रमितहरू घरमै पनि निको होला की भनेर रोगले च्याप्दा पनि अस्पताल नआउँदा अहिले धेरैको ज्यान गएको देखिएको छ । संक्रमितहरू समयमै अस्पताल नपुगदा स्वास्थ्यमा जटिल अवस्था आउने गरेको बताइन्छ।

होम आइसोलेनसमा बस्दा स्वास्थ्यबारे जानकार नहुँदा यो अवस्था आउने गरेको छ । चिकित्सकीय निगरानीमा बस्न सक्ने अवस्थामा होम आइसोलेसन सुरक्षित मानिन्छ । तर, होम आइसोलेसनमा चिकित्सकीय निगरानी निकै नै कम छ । गाउँगाउँमा बिरामी रहेको र उनीहरूको चिकित्सकसम्म पहुँच पुग्न सकेको छैन । होम आइसोलेसनमा बस्दा कतिपय संक्रमितले आफ्नो स्वास्थ्य बिग्रेको समेत पत्तो नपाउने गरेको चिकित्सकहरू बताउँछन् । जब निकै नै कमजोर बनाउँछ, त्यसपछि अस्पताल दौड्दा ज्यान जोगाउन कठिन भएको छ। होम आइसोलेसन बस्ने बिरामीलाई निरन्तर रूपमा चिकित्सकीय निगरानी आवश्यक पर्ने हुँदा यस तर्फ समयमै सबै सचेत बनौ । अहिलेको संकटको अवस्थामा मै हुँ भन्नेलाई त पहुँच छैन भने सर्वसाधारण नागरिकको स्वास्थ्यकर्मीसम्म पहुँच नै नपुग्ने अवस्था छ। होम आइसोलेसनमा बसेका संक्रमितलाई चिकित्सकीय निगरानी आवश्यक पर्छ । तर, यहाँ चिकित्सकसम्म संक्रमितको पहुँच नहुँदा जटिल अवस्था आउने र मानवीय क्षति समेत हुने गरेको छ। होम आइसोलेसनमा बसेका बिरामीले अक्सिजनको तह घटेको पाउन नसक्ने अवस्था छ । सबै संक्रमितले अक्सिजन तह नाप्न सक्ने अवस्था पनि छैन । त्यसैले होम आइसोलेसनमा स्वास्थ्यकर्मीको निगरानी बढाउनु अहिलेको अति आवश्यक भएको छ । होम आइसोलेनस बसेका बिरामीका लागि चिकित्सकीय परामर्श बढाउन तर्फ पनि स्थानीय पालिका तथा सरोकारवाला निकाएले व्यवस्था मिलाउनु पर्ने देखिएको छ । होम आइसोलेसनमा बसेका बिरामीका लागि सहज रूपमा चिकित्सकीय परामर्शको व्यवस्था मिलाउन अति आवश्यक देखिएको हुँदा यस तर्फ समयमै सोचौं ।

# सुन्दर हिमाली क्षेत्रमा पनि फोहरको समस्या

**हेमन्त केसी**

पर्यावरणीय तथा जनजीविकाका हिसाबले अति महत्वपूर्ण हिमाल तथा उच्च पाटनहरू अनियन्त्रित मानवीय गतिविधिका कारण जोखिममा पर्दै गएको देखिएको छ । वर्षेनी बढ्दै गएको मानवीय अनियन्त्रित क्रियाकलापका कारण देशका सुन्दर हिमाली क्षेत्रको विकासभन्दा विनाश बढ्ने गरेको पाइएको छ । जाजरकोट, डोल्पाका उच्च भागमा रहेका विभिन्न पाटन तथा हिमालको काखमा जडीवुटी सङ्कलनका साथै जथाभावी वस्ती बसाउने होडबाजीका कारण यहाँको सौन्दर्य नै गुम्ने खतरा बढेको हो । बढ्दो मानवीय गतिविधिले फोहरको डंगुर थुप्रिनुका साथै त्यहाँ रहेका जंगली जनावरमा समेत प्रभाव देखिएको छ। यी क्षेत्रहरूका विविधताको संरक्षणभन्दा सङ्कलन कार्य बढी हुँदा जडीबुटी उत्पादनमा कमी आएको स्वयं सङ्कलनकर्ताहरू नै बताउछन् । हाम्रा क्रियाकलापले थाहा पाएका अर्थात् हामीले चिनेका जडीबुटी दैनिक मासिँदै गएका छन्, तर हामीले नचिनेका औषधीय मूल्य बोकेका जडिवुटी समेत बिनास भइरहेका छन् भन्नुहुन्छ वातावरण विषयमा कलम चलाउँदै आएका सञ्चारकर्मी प्रभात चलाउने ।

उहाँ भन्नुहुन्छ, "हाम्रा उच्च तथा हिमाली भागमा जडीबुटीको भण्डार छ, हामीले थाहा पाएकोभन्दा पनि थाहा नपाएका जडीबुटीको सङ्ख्या बढी भए पनि अनुसन्धान नहुँदा मासिने क्रम बढिरहेको छ । हामीले सधै सङ्कलनलाई मात्र ध्यान दिएका छौं तर संरक्षणका लागि ध्यान दिएको पाइँदैन ।" पाँच वर्षअघिसम्म हिउँले सेताम्य देखिने हिमालहरूमा अहिले हिउँको गिरावट भारी मात्रामा आएको देखिने गरेको छ । भेरी नदीको मुख्य स्रोत रहेको उपल्लो डोल्पामा अहिले अघिल्लो वर्षभन्दा कम हिउँ परेको छ। स्थानीय कृषकहरूले खेतीपाती समेत लगाउन मुस्किल भएको प्रेमा डोल्पालीले बताउनुभयो । हिउँ कम पर्ने बत्तिकै यार्सागुम्बासमेत कम पाइने गरेको उहाँको भनाइ छ । उपल्लो डोल्पाको २०० भन्दाबढी पाटनमा यार्सागुम्बा सङ्कलन गरिदै आएको छ । त्यस्तै अधिकांश भागहरू शे फोक्सुण्डो राष्ट्रिय निकुञ्जभित्रको इलाकामा रहेको छ। हिमालपार क्षेत्रमा रहेको यस निकुञ्जमा तिब्बती वातावरणमा पाइने प्राकृतिक सम्पदा पाइन्छ। यहाँ तल्लो हिमाली क्षेत्रदेखि लिएर उच्च हिमाली र हिमालपारि क्षेत्रको तिब्बती भूमिसम्मको भ-धरातल भएकाले हिउँ चितुवा, तिब्बती खरायो, चिरू, तिब्बती गधा, नाउरलगायत हिमाली क्षेत्रमा पाइने वन्यजन्तु पाइन्छन् ।

यस निकुञ्जलाई डाँफे, मोनाल, चिरलगायत दुई सय प्रजाति पक्षीहरु, छ प्रजातिका सरिसृप र ३२ प्रजातिका पुतलीले जैविक विविधतामा अझ धनी बनाइएको छ। यहाँ पाइने हिउँ चितुवाको आहार–बिहारबारे वैज्ञानिक अनुसन्धानको नतिजाले यो निकुञ्ज हिउँ चितुवाका लागि सबैभन्दा उपयुक्त बासस्थान प्रमाणित भएको छ । तर वर्षेनी चोरी निकासी हुने र यसको महत्व बुझ्न नसकस्दा यी महत्वपूर्ण सम्पदाहरु लोप हुने क्रम बढेको बताइन्छ । काञ्जिरोवा दक्षिण (६,८६६ मि), सिकाल्पो खाङ (६,५५६ मि), वेज चुचुरो (७,१३९ मि.) जस्ता हिमशिखरहरु र कतिपय हिमनदीहरुले यस निकुञ्जलाई अनुपम प्राकृतिक सुन्दरता प्रदान गर्दै आएकोमा भावी सन्ततिले यो नासोको रूपमा पाउँछन् कि पाउदैनन् चिन्ताको विषय बनेको छ । निकुञ्जको लगभग मध्यभागमा रहेको नेपालको सबैभन्दा गहिरो फोक्सुण्डो ताललाई सन् २००७ मा रामसारमा सूचीकृत गरिएको छ । माल पाएर पनि चाल नपाउने गरेको समस्याले गर्दा संरक्षणमा ठूलो चुनौती हुँदै आएको छ । अघिल्लो वर्ष मात्र तीन सयभन्दा बढी घरेलु बन्दुक बरामत हुनुका साथै करिब १२ जना मानिस पक्राउ गरी अनुसन्धानका दायरामा ल्याइएको तत्कालीन निकुञ्ज प्रमुख सरोजमणी पौडेलले जानकारी दिनुभयो । संरक्षणभन्दा पनि कसरी नष्ट गरी व्यक्तिगत लाभ लिन सकिन्छ भन्ने सोचका कारण उपल्लो डोल्पामा रहेका प्रकृतिक सम्पदाको संरक्षणमा संकट पैदा भएको पौडेले बताउनुभयो।

यहाँ कति जडीबुटी पाइन्छ भन्ने अझै यकीन हुन नसकेकोसमेत पौडेलले बताउनुभयो । वर्षेनी रक्सीका बोटल, प्लास्टिक, चाउचाउका खोलदेखि अन्य फोहर बस्तुका कारण बन्यजन्तुका साथै जडीवुटी फैलावटमा समस्या पैदा भइहेको यहाँका स्थानीय तथा जानकारहरू बताउँछन् । स्रोत परिचालनका हिसावले दायरा निर्धारण नहुँदा प्रकृतिमाथिको दोहनले भावी दिनमा मानिसलाइ नै समस्य ल्याउनेतर्फ कसैको ध्यान जान सकेको छैन । फोहरले जडीबुटी, वन्यन्तु मात्र होइन, त्यहाँका आम मानिसलाई समस्य बनाउने गरेको वातावरण विभागका महानिर्देशक मुकुन्दप्रसाद निरौलाले जानकारी दिनुभयो । नेपाली सेनालाइ सरसफाइको जिम्मा दिइएकोसमेत उहाँले बताउनुभयो । अहिले देशका बिभिन्न उच्च हिमालको सरसफाइ अभियान चलिरहेको महानिर्देशक निरौलाले बताउनुभयो । निकुञ्ज तथा अन्य सुरक्षाका लागि डोल्पामा खटिएको राम वाण गुल्माका प्रमुख (सेनानी) अशोक क्षेत्रीले भन्नुभयो,"निकुञ्जको क्षेत्रमा पहिला एकपटक सरसफाइ भएको थियो भन्ने छ, अब हामीलाइ यो पटक छोइला हिमालको सरसफाइ गर्ने योजनामा छौं । मौसममा सुधार हुने वित्तिकै त्यो काम हुनेछ । त्यस्तै सीमा क्षेत्रसम्म पुग्ने योजनासमेत बनाएका छौं ।"

उहाँका अनुसार हिमाल तथा पाटनहरूमा काम गर्दा सबैभन्दा गाह्रो डोल्पामा रहेको छ। भूगोलका हिसाबले ठूलो क्षेत्र रहेको डोल्पामा रासन व्यवस्थापन, अक्सिजन समस्या, बाटो, टेलिफोनको समस्याले गर्दा काम गर्न निकै मुस्किल रहेको उहाँको भनाइ छ । नेपालका हिमालहरू भारतीय उप–महाद्वीपका झण्डै एक अर्ब ३० करोड मानिसका लागि आवश्यक पानीको स्रोतका रूपमा पनि लिइन्छ । हिमाललाई नेपालको पर्यटन अर्थतन्त्र र त्यससँग जोडिएको जीविकोपार्जनका लागि महत्वपूर्ण रहेको हिमाली क्षेत्रमा औषतमा ३६ हजार विदेशी तथा १५ हजार नेपाली पर्यटक ८० हजार भरियासहितका कामदार हरेक वर्ष परिचालन हुँदै आएको पाइन्छ ।

हिमालहरूमा मानवीय कारणले वर्षेनी फोहर थपिने क्रम छ । हिमाल तथा सो क्षेत्रको पर्यावरणीय अवस्थाबारे चासो राख्ने विज्ञहरूका अनुसार फोहोर तथा मानव मलमुत्रका कारण यस क्षेत्रमा गम्भीर स्वास्थ्य तथा वातावरणीय चुनौती उत्पन्न भएको छ । कुनै एक अवधि र वर्षमा मात्र सफाइ गरेर मात्र हिमाल सफा राख्न नसकिने विज्ञहरू बताउँछन् रू। हिमाल सफा राख्नु भनेको त्यस क्षेत्र र हिमालको तल्लो तटीय क्षेत्रको पर्यावरण सुरक्षित राख्नु पनि हो । हिमालमा जाने आरोहीलाई पनि हिमाल सरसफाइमा जिम्मेवार बनाउनु जरूरी रहेको समय समयमा कुरा उठ्ने गरेको छ । सबैले आफूले प्रयोग गरेका सामग्री निश्चित स्थानसम्म ल्याएर विसर्जन गरेमा पनि फोहोर व्यवस्थाप गर्न सघाउ पुग्ने बताइन्छ । पंक्षी सम्बन्धी अध्ययनरत बद्री बराल आफू हिमालको काखमा जाँदा नकुहिने फोहोरका खातहरू देखेको बताउनुहुन्छ । हिमाल घुम्ना जानेहरूले अक्सिजनका सिलिण्डर, टेन्ट, टिनका बट्टा, मट्टीतेलका जर्किन, स्टोभलगायतका सामग्री हिमाली क्षेत्रमा नै छाडिदिने भएकाले अझ फोहर बढेको देखिएको बरालले बताउनुभयो।



उपल्लो डोल्पाको बुद्ध डोल्पो गाउँपालिकामा इन्टरनेट सेवा पुऱ्याउनका लागि वर्डलिङकले निर्माण गरेको टावर । फोनले काम नगर्ने ठाउँमा आजभोलि इन्टरनेटले काम गर्दा स्थानीयवासी, बैंक सेवा सञ्चालनमा सहजता आएको छ । *तस्विर : हेमन्त केसी/रासस*

### यार्सागुम्बा टिप्न जानेले पनि बढाए फोहर

यार्सागुम्बा संकलनका लागि डोल्पाका पाटन तथा हिमालहरूमा ठूलो सङ्ख्यामा मानिस जाने गर्दछन् । जाजरकोट, जुम्ला, डोल्पा, सल्यान, रूकुम पश्चिम, कालीकोट र दैलेखबाट मानिसहरू डोल्पाका पाटनमा पुग्ने गर्दछन् । उनीहरूले साथैमा लाने खानेकुरा तथा अन्य सामग्रीको फोहर पनि त्यही फालिदिने गरेका छन् । सरसफाइ गर्नुपर्नेतर्फ कसैको ध्यान नजाने र सरोकार भएका निकायबाट जानकारी पनि नगराउदा फोहर थुप्रिनुमा मुख्य कारण रहेको छ । यार्सागुम्बाको अस्तित्व पौराणिक कालदेखि

बाँकी तेश्रो पेजमा

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँबुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । पढाइको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
परिबन्धले केही बाध्यता निम्त्याउन सक्छ । स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
मिहिनेतले मानसम्मान दिलाउनेछ। बोली र विचारका प्रशंसकहरु बढ्नेछन् ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्ने समय छ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
कामको चापबाट फुर्सद पाइनेछ। विभिन्न सहयोग र उपहार हातलागी हुनेछ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
अरुको व्यवहारले शंका उब्जाए पनि प्रियजनको सुझाव शिरोधार्य गर्दा अवश्यै लाभ हुनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
परम्परालाई समयसापेक्ष सुधार गर्न सफल भइनेछ । प्रेम र मित्रताको बन्धन पनि कसिनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
समाजमा तारिफयोग्य काम गर्न सकिनेछ । घर–परिवारमा मेलमिलाप र आत्मीयता बढ्नेछ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
प्रयत्न गर्दा चुनौती चिर्दै काम बनाउन सकिनेछ । मिहिनेतले केही लाभ उठाउन सकिनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
सहयोगीहरुसँग केही असमझदारी बढ्नेछ । आश्वासन दिनेहरुले प्रतिबद्धता पूरा नगर्न सक्छन् ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ ।

# सात प्रदेशमा भूमि बैंक स्थापना : तीन वर्षभित्र सबै जग्गाको नापनक्शा

रासस/काठमाडौं

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अध्यादेशमार्फत आगामी आर्थिक वर्ष ०७८/०७९ का लागि कृषि तथा पशुपन्छी क्षेत्रका विकासमा रू ४५ अर्ब नौ करोडको बजेट सार्वजनिक गर्नुभएको छ । सार्वजनिक गरिएको आगामी आर्थिक वर्ष २०७८।०७९को कृषि बजेट गत आवभन्दा झण्डै २० प्रतिशतले बढी छ। गत आव २०७७/०७८ मा रू ३७ अर्ब ४० करोड २० लाख छुट्याइएको थियो। आगामी आवका लागि मन्त्रालयले रासायनिक मलका लागि रू १२ अर्ब विनियोजन गरेको छ । गत आवमा रासायनिक मलका लागि रू ११ अर्ब विनियोजन भएको थियो ।

अर्थमन्त्री पौडेलले कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणमार्फत आगामी पाँच वर्षभित्र नेपाललाई कृषिमा पूर्ण आत्मनिर्भर बनाइने बताउनुभयो । उहाँले कृषि उत्पादन र उत्पादकत्व वृद्धि तथा खाद्यान्नमा सुनिश्चितता प्रदान गर्न कृषि सहुलियत कर्जाका लागि रू सात अर्ब ६० करोड, कृषि बीमामा ५० प्रतिशत तथा उखु किसानका लागि रू ८४ करोड अनुदान छुट्याइएको बताउनुभयो । सार्वजनिक र गुठी जग्गा कब्जा गर्नेलाई कानूनको दायरामा ल्याइने, भूमिहीन, सुकुम्बासी, दलित, पूर्वकमलरी, हरुवाचरूवा र मुक्तकमैयाका लागि एकपटक गरिखाने जग्गा खरीद गर्नका लागि रू ६८ करोड विनियोजन भएको छ।

आगामी आवदेखि जमीन बाँझो राख्न पाइने छैन । झण्डै १० लाख हेक्टर जमीन बाँझो छ । बाँझो जमीनलाई भूमि बैंकमार्फत जम्मा गरिने भएको छ । सात प्रदेशमा नै भूमि बैंक स्थापना गरिने छ । बाँझो जमीन उपयोग गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ । जमीनको विविधीकरण, विशिष्टीकरण गरी सामूहिक, करार र चक्लाबन्दी खेती विस्तार गरेर कृषिको परनिर्भरता हटाइने बजेटमा उल्लेख छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ७१ जिल्लामा विस्तार गरिने, कृषि यान्त्रिकीकरणलाई प्रभावकारी बनाइने, आगामी तीन वर्षभित्र रासायनिक मल र एक वर्षभित्र जैविक विषादी कारखाना स्थापनाका लागि बजेट विनियोजन भएको छ । जैविक विषादी कारखाना स्थापनाका लागि ५० प्रतिशत, दूध र माछामासुको ढुवानीमा २५ प्रतिशत र साना किसानलाई धानको बीउ खरीदमा ५० प्रतिशत नगद अनुदान उपलब्ध गराइने बजेटमा व्यवस्था छ।

निजी तथा सार्वजनिक तर खोलाको सतहभन्दा माथि उकासिएको जमीनमा व्यावसायिक खेती विस्तार, भूमिको वैज्ञानिक वर्गीकरण, सबै स्थानीय निकायमार्फत भूसूचना प्रणालीको विस्तार गर्न थप अनुदानको व्यवस्था र तराईको १५ हजार वर्ग फिट जग्गालाई आधुनिक नक्शाङ्कनका लागि रू ४३ करोड विनियोजन गरिएको छ । आगमी तीन वर्षभित्र सबै जग्गाको नापनक्शा तयार गरिसकिने, खेतीयोग्य जमीन जोगाउनका लागि नदी नियन्त्रण गर्न रू ३१ अर्ब ८६ करोड विनियोजन र आगामी आर्थिक वर्षमा ६ सय हेक्टर जमीनमा सिंचाइ सुविधा उपलब्ध गराइने भएको छ ।

अर्थमन्त्री पौडेलले पहाडी क्षेत्रका भोजपुर, नुवाकोट, बैतडीलगायत जिल्लामा फलफूल र हिमाली जिल्ला मनाङ, मुस्ताङ, म्याग्दी र डोल्पामा व्यावसायिक पशुपालनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्न बजेटको व्यवस्था गरिएको जानकारी दिनुभयो। माटो प्रयोगशालाको स्थापना, कृषि अनुदान प्रणाली पुनरवलोकन, कृषि यान्त्रिकीकरण र औजार आयातका लागि कर तथा महसुलमा छुटको दायरा बढाइएको बजेटमा उल्लेख छ ।

बहुउद्देशीय फलफूल नर्सरी स्थापना गर्न रू ५० लाख फलफूलका बिरूवा उत्पादन गरिने भएको छ । प्राङ्गारिक खेती प्रवर्द्धन गर्न प्राङ्गारिक मल तथा जैविक विषादीको प्रयोगलाई प्रोत्साहन, सबै प्रदेशमा कृषि शीतभण्डारको स्थापना तथा इलाममा अलैंची, मकवानपुरको छतिवनमा तरकारी, सल्यानमा अदुवा तथा जुम्लामा स्याउ लक्षित औद्योगिक कृषि बजारको सम्भाव्यता अध्ययन पूरा गरी निर्माण शुरू गरिने भएको छ । कृषि उपजको भण्डारण गरी कृषि सहकारी संस्थामार्फत खरीद गर्ने व्यवस्था, स्थानीय तहमा दुई सय खाद्य भण्डार केन्द्र, ८९ बीउ उत्पादन कक्ष निर्माण र कृषि बीमामा ५० प्रतिशत अनुदान दिने बजेटमा व्यवस्था गरिएको छ ।

# भारतमा कोभिड-१९ संक्रमितको संख्यामा व्यापक गिरावट

## २४ घण्टामा ३४ सयको मृत्यु

रासस/सिन्ह्वा/नयाँ दिल्ली

कोरोनाभाइरस महामारीको दोस्रो लहरबाट प्रभावित भारतमा विगत २४ घण्टाको अवधिमा संक्रमितको संख्यामा व्यापक गिरावट आएको छ। गत मे ९ तारिखमा एकै दिन चारलाख भन्दा बढी संक्रमित फेला पारिएकामा विगत २४ घण्टामा त्यो संख्या घटेर एक लाख ६५ हजार मात्र देखिएको भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

यो सहित भारतमा आइतबारसम्म कूल संक्रमितको संख्या दुई करोड ७९ लाख पुगेको छ । र सक्रिय संक्रमितको संख्या भारतमा अझै २१ लाख १४ हजार रहेको छ । विगत २४ घण्टामा एक लाख १४ हजारले सक्रिय संक्रमितको संख्यामा कमी आएको पनि मन्त्रालयले जनाएको छ ।

भारतमा हालसम्म दुई करोड ५५ लाख व्यक्ति कोभिड-१९ बाट संक्रमणमुक्त भएका छन् । तर भारतमा कोभिड-१९ को संक्रमणबाट भइरहेको दैनिक मृत्यु दरमा सामान्य गिरावट आए पनि तिब्र सुधार हुन सकेको छैन । मन्त्रालयका अनुसार भारतमा पछिल्लो २४ घण्टामा तीन हजार ४६० जनाको ज्यान गएको छ । यो सहित भारतमा कूल मृतकको संख्या तीन लाख २५ हजार ९७२ पुगिसकेको छ । कोरोनाभाइरस महामारीबाट आम जनतालाई सुरक्षित राख्न गत जनवरीदेखि नै खोप अभियान सञ्चालन गरेको भारतले देशभर हालसम्म २१ करोड २० लाख डोज खोप लगाएको छ । शनिबार एकै दिन भारतमा ३० लाख भन्दा बढी व्यक्तिलाई खोप दिइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

भारतले हाल १८ वर्षभन्दा माथिको उमेर समूहका सबै व्यक्तिलाई खोप दिइरहेको छ । तर खोपको माग तिब्र भए पनि आपूर्ति त्यस अनुरूप हुन नसकेको भारतीय सञ्चार माध्यमहरूले जनाएका छन् । यसैबीच, भारत सरकारले देशभर कोभिड-१९ को परीक्षणलाई तिब्र बनाएको छ । शनिबारसम्म भारतमा ३४ करोड ३२ लाख नमुना परीक्षण गरिएको छ जसमध्ये शनिबार एकै दिन २० लाख ६३ हजार नमुना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषदले जनाएको छ ।

भारतमा हाल तीन किसिमका खोप प्रयोगमा ल्याइएको छ । भारत सरकारले सेरम इन्स्टिच्यूटले उत्पादन गरिरहेको कोभिसिल्ड, कोभ्याक्सिन र रसिया-निर्मित स्पुतनिक भी खोपलाई प्रयोगका लागि अनुमति दिएको छ । कतिपय राज्यमा भारत सरकारले निःशुल्क खोपको व्यवस्था गर्नुका साथै निजी संस्थाबाट खोप बिक्रीका लागि अनुमति दिएको छ ।




# सुन्दर हिमाली क्षेत्रमा ..........

नै नेपालमा रहँदै आएको भएपनि संकलन कार्य शुरू भएको धेरै समय भएको छैन । यसको उपयोग हिमाली भेगका शेर्पाहरूले गर्दै आएका बताइन्छ। विभिन्न जडिबुटीका रूपमा प्रयोग भइरहेको यार्सागुम्बा पहिलो पटक खोजी गरेर सार्वजनिक जानकारीमा ल्याइएको भने त्यति धेरै नभएको बताइन्छ । यार्सागुम्बाको पहिलो पटक सङ्कलन कार्य सन् १९५२ मा ब्रिटिस म्युजियम लण्डनको तर्फबाट बनस्पति संकलन गर्न आएका पोलुनिन साइकल र विलियमले गरेका थिए । उनीहरूले चार हजार २०० मिटरको उचाइमा रहेको च्याखुर लेकबाट अत्यन्तै मूल्यवान यार्सागुम्बा भेटाएर लगेका थिए ।

**के हो यार्सागुम्वा ?**

यार्सागुम्बा भनेको हिमाली भेगमा पाइने ढुसी र झुसिल्किरा एकै ठाउँमा जोडिएर रहेको बस्तु हो । यसमा ढुसी र झुसिल्किरा परस्परमा आश्रति भएका हुन्छन् । यार्सागुम्बाको जीवनचक्रका सम्बन्धमा बनस्पति विद्हरूका अनुसार यो छ महिना किरा र छ महिना बनस्पति भएर रहन्छ । त्यसरी हेर्दा बनस्पति जिवीत रहे प्राणी मर्ने र प्राणी जिवीत रहे बनस्पति मर्ने हुन्छ । जमिनमा रहेका पुराना यार्सागुम्बाबाट हावामा प्रशस्त बीऊहरु फैलिरहन्छन् । यी बीऊहरु एक प्रकारका पुतली, झुसिल्किराको शरीरमा टाँसिन्छन् र त्यहीँ उम्रन्छन्।

यी बीऊहरु उम्रेपछि यिनका जराहरु झुसिल्किराको शरीरमा फैलन्छन् त्यस समयसम्म झुसिल्किरा हिँडडुल गरिरहेकै हुन्छ । यसरी यो बनस्पतिको जराहरूले झुसिल्किरालाई पुरै ढाक्दै गएपछि झुसिल्किरा जमिनभित्र गएर मर्छ । झुसिल्किरा जमिनमा मरिसकेपछि बनस्पतिले आफुनो आहारा त्यही झुसिल्किराको शरीरबाट लिन्छ र बनस्पति विकसित हुन्छ अर्थात माटो माथि जिवीत रहन्छ माटो मुनी मर्छ । माटोमाथिको बनस्पति माटोमुनिको प्राणीको टाउकोबाट पलाएको हुन्छ र यसको रङ्ग कालो हुन्छ । जसको टुप्पोमा सानासाना प्वालहरु हुन्छन् ती प्वालभित्र लामा लामा थैला हुन्छन् र प्रत्येक थैलामा मसिना लामा लामा बीऊ हुन्छन् ।

यसमा दुई भाग हुन्छन् । जमीनमाथिको भाग यार्सा र जमिनमुनिको भाग गुम्बा । यो परस्पर जोडिएको हुन्छ । जबसम्म बनस्पति पूर्ण विकसित हुँदैन तबसम्म प्राणी डुलिरहने हुनाले यसलाई डुलन्ते झार भनिएको हो । विभिन्न वनस्पति सम्बन्धी पुस्तकमा यार्सागुम्बाका १०० भन्दा बढी प्रजाति रहेको उल्लेख गरिएको छ । तीमध्ये जापानमा ३०, ब्रिटेनमा १२, भारतमा सात र चीनमा २१ वटा प्रजातिका यार्सागुम्बा पाइने गरेको बताइन्छ । नेपालमा पाइने यार्सागुम्बाहरुमा कोर्डिसेप्स साइनेन्सिस, कोर्डिसेप्स मिलिटरिस र कोर्डिसेप्स नुटन्स प्रमुख रहेका छन् । कोर्डिसेप्स साइनेन्सिस जातका यार्सागुम्बा नेपालका ताप्लेजुङ, संखुवासभा, दार्चुला, बझाङ, बाजुरा, जुम्ला, हुम्ला, मुगु, डोल्पा र मनाङ जिल्लामा पाइन्छ ।

**कोरोना कहरमा हिमाली क्षेत्र पनि**

नेपालमा पनि कोरोना भाइरसको असरका कारण करिब दुइ वर्षदेखि जारी बन्दाबन्दीले गर्दा मानवीय त्रियाकलाप कम भएको पाइएको छ। मानवीय क्रियाकलाप कम भएसँगै उपल्लो डोल्पामा बन्यजन्तु चोरी निकासी तथा जडीवुटी संरक्षणमा समेत टेवा पुगेको छ । निकुञ्ज क्षेत्रमा सेनाको नियमित गस्ती समेत बढाएको छ । उपल्लो डोल्पामा रहेका महत्वपूर्ण प्राकृतिक सम्पदाको संरक्षण गर्न जिल्ला तहमा समेत एक मतका साथ वातावरण संरक्षणका पक्षमा निर्णय गर्नुपर्ने पत्रकार बालकृष्ण डाँगीले बताउनुहुन्छ । रासस

## Bandipur Rural Municipility
## Office of Rural Municipal Executive

Bandipur, Tanahun
2073
Gandaki Provience

Invitation for Sealed Quotation for the procurement of **Electronics Goods** for **Bandipur Rural Municipility.**

**Sealed Quotation No :** BRM/SQ/GOODS/23/2077/078

**Date of first Publication :**17th Jestha 2078

Bandipur Rural Municipility, Office of Rural Municipial Executive, Bandipur Tanahun Sealed Quotation only from Nepalese eligible bidders for the following Sealed Quotation under National Competitive.

| S.N | Contract Identification No:- | Name of Contract | Estimated Amount in Nrs(excluding VAT ) | Bid Document Fee(Nrs) | Bid Security (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | BRM/SQ/GOODS/23/ 2077/078 | Procurement of Electronics Goods for Bandipur Rural Municipility | Nrs 6,99,600.00 | 1000 | Nrs 20,000.00 | |

**Bidding procedures..**

Eligible Bidders may obtain further information and inspect the Bidding Documents Bandipur Rural Municipility, Office of Rural Municipal Executive, Bandipur Tanahun .

**(Chief Administative Officer)**

## हाम्रा उपलब्ध सेवाहरु :

१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याब:-** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :-** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.

ब्यास-२, दमौली तनहुँ। फोन : ०६५-५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



**कोरोना संक्रमितको घरदैलोमा वडाध्यक्ष :** तनहुँको शुक्लागण्डकी नगरपालिका-१२ का वडाअध्यक्ष मनराज गुरूङ कोरोना संक्रमितको स्वास्थ्य अवस्था बुझ्न वडाबासिको घरदैलोमा । उनले संक्रमित भई होम आइसोलेशनमा बसेकाहरूको स्वास्थ्य अवस्था बुझ्नुका साथै सुरक्षाको उपायबारे साक्षत्कार गरेका छन् । संक्रमितहरूले छिमेकीबाट हुने तिरस्कार र रोगसंग लड्नु पर्दाको पीडाका विषयमा गुनासो गरेको वडाअध्यक्ष गुरूङले बताएका छन् । *तस्विर : भञ्ज्याङ*




# कांग्रेस प्रविधिमै सम्पन्न गर्दै क्रियाशील सदस्यताको कार्य

**भीष्मराज ओझा**/काठमाडौं

नेपाली कांग्रेसले पार्टीको १४औँ महाधिवेशन तालिकाको मिति नजिकिएसँगै क्रियाशील सदस्यताको कामलाई तीब्रता दिएको छ । कांग्रेसले हालसम्म ६१ जिल्लाका १०१ स्थानका क्रियाशील सदस्यता पार्टीको वेवसाइटमार्फत सार्वजनिक गरिसकेको जनाएको छ । पार्टीको केन्द्रीय क्रियाशील सदस्यता छानबिन समितिले गत वैशाख ३० गते ४५ जिल्लाका ८० स्थान र यही जेठ १५ गते १६ जिल्लाका २१ गरी १०१ स्थानको क्रियाशील सदस्यताको नामावली सार्वजनिक गरिसकेको छ। नामावलीमा कुनै त्रुटि भएमा सच्याउनका लागि निर्देशन दिइएको समितिका सचिव केशव रिजालले जानकारी दिनुभयो । उक्त १०१ स्थानका लागि नामावली 'इन्ट्री' गर्ने सफट्वेयर बन्द गरिएको छ ।

देशभरबाट क्रियाशील सदस्यताको नामावली सफ्टवेयरमा 'इन्ट्री' भइरहेको कुल २०७ स्थानमध्ये बाँकी १०६ स्थानमा बाँकी रहेका नामावली 'इन्ट्री' गर्न यही जेठ २५ गते राति १२ बजेसम्मका लागि कम्प्युटर सफ्टवेयरलाई खुला गरिएको सचिव रिजालले जानकारी दिनुभयो ।

केन्द्रबाट क्रियाशील सदस्यताको नामावली सार्वजनिक गरिएका १०१ स्थानले तत्कालै र बाँकी १०६ स्थानले पनि यथाशीघ्र छिटो क्रियाशील सदस्यताका अन्य आवश्यक विवरण र शुल्क तत्काल केन्द्रमा पठाउन पार्टी कार्यालयले निर्देशन दिएको छ । एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका ३५ जिल्लामा पार्टीका जिल्ला कार्यसमितिले क्रियाशील सदस्यताको नयाँ र नवीकरण दुवै, बाँकी ४२ जिल्लामा जिल्ला समितिले नवीकरण तथा ४२ जिल्लाअन्तर्गतका १३० प्रतिनिधिसभा निर्वाचनका क्षेत्रीय समितिले नयाँ क्रियाशील सदस्यताको काम गरिरहेको कांग्रेसले जनाएको छ ।



**सात लाख ६१ हजार ८२ सदस्यता 'इन्ट्री'**

आइतबार साँझ ७ बजेसम्म वेबसाइटमा नयाँ तीन लाख ९३ हजार ८३५ र नवीकरण तीन लाख ६७ हजार २४७ गरी जम्मा सात लाख ६१ हजार ८२ क्रियाशील सदस्यता पार्टीको वेभसाइटमा 'इन्ट्री' भइसकेको कांग्रेस केन्द्रीय कार्यालयका सचिव डा प्रदीप पराजुलीले जानकारी दिनुभयो । उहाँका अनुसार अन्य राजनीतिक दलबाट कांग्रेसमा प्रवेश गरेका र विदेशस्थित पार्टीका जनसम्पर्क समितिका क्रियाशील सदस्यता विवरण भने यसमा समावेश गरिएको छैन् ।

पार्टीको १३औँ महाधिवेशनमा १८ जनसम्पर्क समितिले भाग लिएको र ती जनसम्पर्क समितिमा करीब २५ हजार क्रियाशील सदस्यता रहेको थियो । हाल काँग्रेसका जनसम्पर्क समितिको सत्त्या विस्तार भई ३६ पुगेको छ । पार्टीको १४ औँ महाधिवशन तालिकासम्म क्रियाशील सदस्यको संख्या नौ लाख हाराहारी पुग्ने सचिव पराजुलीले अनुमान गर्नुभयो । क्रियाशील सदस्यताको काम गरिरहेका कुल २०७ स्थानमध्ये विवाद र कोभिड-१९का कारण १५ स्थानबाट क्रियाशील सदस्यता इन्ट्री हुन नसकेको उहाँले बताउनुभयो । त्यस्तै सिन्धुपाल्चोकको पूरै र बारा तथा सप्तरीमा पनि केही स्थानमा विवादका कारण क्रियाशील सदस्यताको काम हुन सकेको छैन्।

कांग्रेसले १३औँ महाधिवेशनमा चार लाख ९० हजार क्रियाशील सदस्यता रहेकामा आसन्न १४औँ महाधिवेशनसम्म सो संख्याको शतप्रतिशत थप्न पाउने व्यवस्था गरेको थियो । क्रियाशील सदस्यताको विवरणलाई व्यवस्थित बनाउन यस महाधिवेशनदेखि सबै जिल्ला कार्यसमितिलाई पार्टीको वेबसाइटमा अपलोड गर्ने व्यवस्था गरिएको छ । पार्टीको नियमावलीबमोजिम क्रियाशील सदस्यता नवीकरण शुल्क रू २०० र नयाँ क्रियाशील सदस्यता आवेदन शुल्क रू ३००रहेको छ ।

कांग्रेसले १४औँ महाधिवेशनका लागि पार्टीको गाउँ/नगर वडा अधिवेशन आगामी असार २० गते, गाउँ/नगरपालिका अधिवेशन असार २२ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन असार २५ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असार २७ गते तोकेको छ । यसैगरी एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असार ३० गते, प्रदेश अधिवेशन आगामी साउन ६ गते र केन्द्रीय महाधिवेशन आगामी भदौ ७ देखि १० गतेसम्म काठमाडौं गर्ने तालिका निर्धारण गरेको छ । रासस

स्वास्थ्य नै ठूलो धन हो ।
कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं, अत्यावश्यकीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं ।

- अनिवार्य रूपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्य रूपमा मास्क लगाउन सु-सूचित गरौं ।
- सेवा प्रवाहमा भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजिकैके स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# प्रतिनिधिसभा विघटन.....

चार रिट निवेदन दर्ता गराउनुभएको थियो ।

प्रधानमन्त्री ओलीलाई नै पुनः प्रधानमन्त्रीमा नियुक्ति र निर्धारित समयमै निर्वाचन गराउनुपर्ने माग राखी भएको रिट निवेदनमा नेपालको संविधानको धारा ७६(५) बमोजिम प्रतिनिधिसभाको विश्वाशको मत प्राप्त गर्ने ठोस आधार नदेखिएकाले पुनः प्रधानमन्त्री पदमा नियुक्ति गर्न मिलेन भन्ने राष्ट्रपतिको यही जेठ ७ गतेको निर्णय राजनीतिक दलसम्बन्धी ऐन, २०७३ विपरीत भएको उल्लेख छ ।

रिट निवेदनमा उक्त ऐनमा भएको व्यवस्था विपरीत प्रधानमन्त्री ओलीलाई पुनः प्रधानमन्त्री नियुक्ति गर्न नसक्ने भनी निर्णय गर्नु संविधानको मर्म र भावना विपरीत पनि भएको उल्लेख गर्दै सो निर्णय बदर गरी नेकपा (एमाले) संसदीय दलका नेता ओलीलाई पुनः प्रधानमन्त्रीमा नियुक्त गर्न माग गरिएको छ । काँग्रेस सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एमाले)का तत्कालीन नेता माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेलसहित १४६ निवर्तमान सांसदले भने प्रतिनिधिसभा पुनःस्थापना गरी कांग्रेस सभापति देउवालाई प्रधानमन्त्री बनाउनुपर्ने माग गर्नुभएको छ ।

प्रतिनिधिसभा पुनःस्थापना गरी नेपालको संविधानको धारा ७६ (५) बमोजिम नेपाली काँग्रेसका नेता देउवालाई प्रधानमन्त्री नियुक्त गर्न आदेशको माग गरी निवर्तमान सांसदले रिट निवेदन दर्ता गर्नुभएको छ भने बाँकी रिट निवेदनमा प्रतिनिधिसभा विघटन गर्नु असंवैधानिध भएकाले पुनःस्थापनाको माग गरिएको छ । मन्त्रिपरिषद्को यही जेठ ८ को सिफारिसमा प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक २६ र मंसिर ३ गते मध्यावधि निर्वाचन तोक्ने गरी राष्ट्रपतिले यही जेठ ८ गतेको निर्णय बदर गरी असंवैधानिक र गैरकानूनी घोषित गर्न माग ती निवेदनमा गरिएको छ । रासस

# कोरोना संक्रमण र ......

फर्किएका छन्। पछिल्लो २४ घण्टामा देशभर छ हजार २०५ संक्रमित निको भएर घर फर्किएका छन् । निको हुने दर ७९ दशमलव २ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । हाल देशभर एक लाख आठ हजार ८९७ सक्रिय संक्रमित रहेका छन् । पिसिआर परीक्षण गराउनेको संख्या ३० लाख ४२ हजार ३६९ पुगेको छ ।

**काठमाडौं उपत्यकामा पनि घट्दै संक्रमितको संख्या**

काठमाडौं उपत्यकामा पनि पछिल्लो समय कोरोना संक्रमितको संख्या घट्दे गएको छ । यही जेठ ९ गते उपत्यकामा कोरोना संक्रमितको संख्या दुई हजार ८२१ रहेकामा आइतबार सो संख्या घटेर एक हजार ९३ पुगेको छ । मन्त्रालयका अनुसार काठमाडौँमा ८०४, ललितपुरमा १६८ तथा भक्तपुरमा ११३ जनामा संक्रमण पुष्टि भएको छ । काठमाडौँमा हाल सक्रिय संक्रमितको सत्त्या १५ हजार ३७७ रहेको छ । हालसम्म कोरोनाबाट एक लाख ७० हजार ३६२ संक्रमित निको भएका छन् भने एक हजार ५९९ संक्रमितको मृत्यु भएको छ। यस्तै ललितपुरमा हाल छ हजार ५२५ सक्रिय संक्रमित रहेका छन्। हालसम्म २६ हजार १२५ संक्रमित निको भएका छन् भने कोरोनाबाट ४३० संक्रमितको मृत्यु भएको छ। यसैगरी भक्तपुरमा चार हजार ५०१ सक्रिय संक्रमित छन् । निको हुनेको सत्त्या १४ हजार ९६६ रहेको छ भने ३२१ संक्रमितले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ ।






**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय :** ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४